स्थानीय सरकार
खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

# निःशुल्क जग्गा प्राप्ति सम्वन्धि सूचना।

(सूचना प्रकाशन मितिः २०८२।०२।१९ गते)

खाँडादेवी गाउँपालिका वडा नं ८ मा चिरंखु स्वास्थ्य संस्था भवन निर्माण गर्न आवश्यक जग्गा निःशुल्क प्राप्त गर्ने भन्ने खाँडादेवी गाउँ कार्यपालिकाको मिति २०८२।०१।२९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयानुसार तपसिल बमोजिमका शर्तअनुसार निःशुल्क (दान) जग्गा उपलब्ध गराउन इच्छुक व्यक्तिले एकल-एकल वा संयुक्त रुपमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले उपलब्ध गराउन चाहेको जग्गाको क्षेत्रफल सहितको विवरण खुलाई यसैसाथ संलग्न ढाँचामा तोकिए बमोजिमको कागजात सहित मिति २०८२।०३।०२ गतेभित्र निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

- जग्गाको क्षेत्रफल न्यूनतमः २-०-०-० रोपनी
- स्थानः खाँडादेवी ८ स्थित घ्याङडाँडा गोनटोल क्षेत्र आसपास
- यसरी समयसिमा भित्र पेश हुन आएका निवेदन तथा जग्गाहरु मध्ये कुन जग्गा प्राप्ति गर्ने हो सो सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुने,
- दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र दरखास्त पेश गर्न सकिनेछ,
- यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

..................................

शिरीष उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

शिरीष उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत


☎ 9854023600 khandadevimun.gov.np khandadevimun@gmail.com

# (निवेदनको ढाँचा)

मितिः...........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालय,
माकादुम, रामेछाप ।

विषयः जग्गा उपलव्ध गराउन इच्छा जाहेर गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२।०२।०१ गते प्रकाशित सूचनामा माग भए बमोजिमको चार किल्ला भित्र मेरा नाममा दर्ता रहेको तपसिलको विवरण भएको जग्गा मैले नियमानुसार प्रकृया पूरा गरी गाउँपालिकालाई उपलव्ध गराउन इच्छा जाहेर गरेको हुँदा सो को कारवाहीका लागि यो निवेदन पेश गरेको छु।

तपसिलः

१. जग्गा धनीको विवरण जग्गा धनीको नामः.

जग्गा धनीको वावु/ससुराको नामः

जग्गा धनीको पति/पत्नीको नामः जग्गा धनीको स्थायी ठेगानाः

जग्गा धनीको अस्थायी सम्पर्क ठेगानाः

सम्पर्क नं. :

२. जग्गाको विवरण

सिट नं.......................... कि.नं.....................................क्षेत्रफल.............................

गाउँपालिकालाई प्रदान गर्न खोजेको जग्गाको क्षेत्रफलः ................................

जग्गाको चार किल्ला

पूर्व...................................... पश्चिम........................................

उत्तर.....................................दक्षिण........................................

सडक पूर्वाधारको अवस्था सडकको किसिम (कालोपत्रे, ग्राभेल, कच्चि, के हो खुलाउने) (भित्री भाग भए सो समेत खुलाउने)

खाँडादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय माकादुम, रामेछाप बागमती प्रदेश, नेपाल

शिरीष उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

३. जग्गा प्रदानको शर्तः दाताका रुपमा जग्गा प्रदान गर्न इच्छुकको हकमा जग्गा प्रदानका शर्तहरु उल्लेख गर्ने।

क)

ख)

ग)

निवेदकः

नामः

ठेगानाः

ना.प्र.नः

हस्ताक्षरः

संलग्न कागजातहरुको विवरणः

क) उपलब्ध गराउन खोजेको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि।

ख) जग्गाधनीको नागरिकताको प्रतिलिपि।

ग) जग्गाको नापी नक्सा र ट्रेस नक्सा।

बाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

शिरीष उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत